**नीति जेएलसिडि - विद्यार्थीलाई औषधि वितरण**

डेनभर पब्लिक स्कूलका विद्यालय आधारित स्वास्थ्य केन्द्रहरूमा बस्ने अभ्यासरत नर्सहरूले विद्यार्थीहरूलाई औषधि प्रेस्क्राइब (पर्चा दिने) गर्न सक्छन्। डेनभर पब्लिक स्कूलका अरू कुनै कर्मचारीले औषधि प्रेस्क्राइब गर्न पाउँदैनन्।

अभिभावकले विशिष्ट रूपमा अनुरोध गरेपछि र **विद्यार्थी औषधि अनुरोध रिलिज सहमति/औषधिका लागि फिजिसियनको आदेश** पूरा गरेपछिमात्र विद्यार्थीहरूलाई औषधि प्रदान गरिनेछ।

यो अनुरोध कार्यान्वयन गर्नका लागि सुरक्षित र उपयुक्त विधि नर्सिङ सेवाले विकसित गर्नेछ। यस नीतिको कार्यान्यवयनको सुपरिवेक्षण गर्ने दायित्व विद्यालय नर्सको रहेको छ। अभिभावकको अनुरोध पत्रमा लाइसेन्सप्राप्त फिजिसियन/नर्स प्रयाक्टिस्नरहरूद्वारा सही गरिएको आदेश फाराम संलग्न गर्नु पर्नेछ। दुवै प्रेसक्रिप्सन र काउन्टरमा पाइने औषधिहरूका लागि यही प्रक्रिया लागू हुनेछ। आदेशमा औषधिका नामहरू, मात्रा, समय र रुट संलग्न हुनुपर्नेछ। फिजिसियन/नर्सको आदेशलाई फ्याक्स गर्न सकिनेछ।

प्रत्येक औषधि र प्रत्येक औषधि परिवर्तन आदेशका लागि नयाँ अनुरोध पहल गरिनुपर्नेछ। यसमा औषधिको परिवर्तन, मात्रा, समय र रुट सामेल हुनुपर्नेछ। यसका अतिरिक्त, विद्यालय सत्रको सुरूमा प्रत्येक औषधिका लागि फिजिसियन/नर्स प्रयाक्टिस्नरको आदेश सहित नयाँ फाराममा सही गर्नुपर्नेछ। (ग्रेड इसिइ देखि छ सम्म आफैँ औषधिको प्रयोग गर्न पाइनेछैन।)

कक्षा छ देखि बाह्र सम्म भर्ना भएका दमका रोगी विद्यार्थीहरूले उनीहरूका अभिभावकले **"विद्यार्थी औषधि अनुरोध रिलिज सहमति/औषधिका लागि फिजिसियनको आदेश"** पूरा गरेर अनुरोध गरेपछि मात्र आफ्नो इन्हेलर बोक्न पाउनेछन्।

अभिभावकहरूलाई विद्यालय समयभन्दा बाहेक अन्य समयमा आफ्ना बच्चाहरूलाई औषधि दिन प्रोत्साहित गरिन्छ। अत्यावश्यक हुँदामात्र विद्यालयले प्रेस्क्राइब गरिएको औषधि दिने कार्यको जिम्मेवारी लिनेछ।

यदि अभिभावकहरूले औषधि विद्यालयमा विद्यालयले देओस् भनेर पठाएका छन् र माथि उल्लेखित फाराम पूरा गरेका छैनन् भने विद्यालय नर्स मात्रै त्यस्ता व्यक्ति हुन् जसले फिजिसियन/नर्स प्रयाक्टिस्नरहरूलाई मौखिक आदेश लिनका लागि फोन गर्न सक्छन्। औषधिको अर्को मात्रा दिनु अगावै अभिभावकले पूरा भरिएको फाराम विद्यालयमा बुझाउनुपर्नेछ।

इन्जेक्सनबाट दिने औषधिहरू फिजिसियन/नर्स प्रयाक्टिस्नरहरूको आदेशबाट मात्र दिन सकिनेछ। विद्यालयमा सबै प्रकारका औषधि दिनका लागि कम्तिमा दुई व्यक्तिहरूलाई तालिम दिनुपर्नेछ। विद्यालय नर्सद्वारा निरन्तर सुपरिवेक्षण प्रदान गरिनेछ।

आमाबाबु/अभिभावकले पूर्ति गरेको औषधि फार्मेसीले दिएको बोतलमा हुनुपर्नेछ। फार्मेसी लेभलमा निम्न कुराहरू उल्लेख भएको हुनुपर्नेछ: विद्यार्थीको नाम, औषधिको नाम, कतिकति बेला औषधि दिने हो, मात्रा, र सम्भव भएमा औषधि दिन बन्द गरिने मिति।

सबै औषधिहरू राम्रोसँग भित्तामा अड्याइएको र ताला लगाइएको बाकसमा राख्नुपर्नेछ। यदि रेफ्रिजरेटरमा राख्ने औषधि भए विद्यालय नर्सले त्यसको भण्डारण व्यवस्था गर्नुपर्नेछ। रेफ्रिजेरेटरमा खानेकुरासँग औषधि राख्न पाइनेछैन। यस विषयमा केही चासो भए विद्यालय नर्सले प्रिन्सिपललाई सूचीत गर्नुपर्नेछ।

प्रयोग नगरिएका औषधिहरूको उपयुक्त व्यवस्थापन(डिस्पोजल) महत्वपूर्ण कुरा हो। विद्यालयबाट औषधिको प्रयोग बन्द भएपछि, विद्यालय वर्ष समाप्त भएपछि वा अन्य डिस्ट्रिक्टमा परिवार सरुवा भएपछि, प्रयोग नभएका औषधिहरू भेला पार्ने जिम्मेवारी अभिभावकको हो। विद्यालयमा छाडिएका औषधिहरू सबै विद्यालय नर्सद्वारा नष्ट गरिनेछन्।

विद्यालय पर्सोनेलले वितरण गरेका सबै औषधिहरूको उपयुक्त अभिलेख दस्तावेजीकरण गरिनेछ र विद्यार्थीको स्वास्थ्य अभिलेख फाइलमा राखिनेछ।

विद्यालय स्टाफहरूले साइकोट्रपिक औषधि(हरू) प्रेस्क्राइब गरिएका विद्यार्थीहरूलाई विद्यालयमा उपस्थित हुन सिफारिस गर्न पाउनेछैनन्। व्यावहारिक परीक्षण कार्यान्वयन गर्नका लागि विद्यालय स्टाफहरूले लिखित पूर्व स्वीकृति लिनु पर्दछ; लागू गरिएको परीक्षणको नतिजा प्रकटिकरण गर्न पूर्व लिखित सहमति, र नतिजा व्यवस्था गर्नका लागि आमाबाबु/अभिभावक र विद्यार्थीबाट लागू भएसम्म सहमति लिनुपर्नेछ। सबै विद्यालय स्टाफहरूले व्यावहारिक चासोहरू आमाबाबु/अभिभावकसँग छलफल गर्नुपर्नेछ र आमाबाबु/अभिभावकलाई उपयुक्त स्वास्थ्यस्याहार प्रदायकसँग परामर्श गर्नु विद्यार्थीका लागि लाभकारी हुने कुरा सल्लाह दिनुपर्नेछ।

अङ्गिकार : सेप्टेम्बर १, १९५६
अभ्याससँग सदृश हुनका लागि परिमार्जित : फेब्रुअरी १९९४
परिमार्जित : अप्रिल १३, २०००
परिमार्जित : अक्टुबर २, २००३
कानुनी सन्दर्भ :
कोलोराडो नर्स अभ्यास अधिनियम, नर्सिङ राज्य बोर्ड १९९५
कोलोराडो नर्स अभ्यास अधिनियमको डिलिगेटरी क्लज १९९८
सि.आर.एस. १२–३८–१०२
सि.आर.एस. १२–३८–१०३(४)
सि.आर.एस. १२–३८–१०८
विद्यालय औषधि वितरणका लागि मार्गदर्शन, तेस्रो संस्करण १९९८
विद्यालयमा औषधि वितरणका लागि मार्गदर्शन, (आरइ ९३२८), पेडियाट्रिक्सहरूको अमेरिकि एकेडेमी ९२, (३), १९९३, पाना ४९९– ५००